# ‘कर्तव्य’ कथाको परिवेश

**विष्णु न्यौपाने**
उपप्राध्यापक, सरस्वती बहुमुखी क्याम्पस, काठमाडौँ
इमेल : neupanesmc@gmail.com
DOI: https://doi.org/10.3126/prajna.v126i1.86307

**लेखसार**

*प्रस्तुत लेख गुरुप्रसाद मैनालीको नासो कथासङ्ग्रहमा समाविष्ट कर्तव्य कथामा प्रयुक्त परिवेशको अध्ययनमा केन्द्रित छ । कथामा परिवेशको विशेष महत्त्व रहन्छ । कथानकलाई आरम्भ, विकास र अन्त्यको ढाँचामा विभक्त गर्न; कथानकलाई गति प्रदान गर्न; पात्रलाई प्रतिकूल तथा अनुकूल प्रभाव पार्न; कथामा जीवन्तता प्रदान गर्न; कथामा विश्वसनीयता सिर्जना गर्न; कथामा सजीवता र स्वाभाविकता प्रदान गर्न; पात्रहरूको परिचय तथा चरित्राङ्कन गर्न परिवेशको भूमिका रहन्छ । यस लेख परिवेश चित्रण र विश्लेषण सम्बन्धी नवीनतम सैद्धान्तिक धारणाका पक्षहरू स्थान, समय र वातावरणको अध्ययन सैद्धान्तिक रूपमा गर्नुका साथै कर्तव्य कथामा केकस्तो परिवेश प्रस्तुत छ भन्ने समस्यामूलक प्रश्नमा केन्द्रित रहेर कर्तव्य कथामा प्रयुक्त परिवेशलाई केन्द्रीयतामा राखी विश्लेषण कार्यलाई सम्पन्न गरी निष्कर्षमा पुऱ्याउने उद्देश्यमा केन्द्रित रहेको छ । कर्तव्य कथा प्रस्तुत लेखको मुख्य स्रोत सामग्री हो । पुस्तकालयीय स्रोतबाट सङ्कलन गरिएका प्राथमिक र द्वितीय स्रोतका सैद्धान्तिक सामग्रीहरूलाई आधार बनाएर पहिचानात्मक तथा विश्लेषणात्मक विधिमा आधारित रहेर सम्पन्न गरिएको यो लेख परिवेशसम्बन्धी सैद्धान्तिक अवधारणाका साथै कर्तव्य कथामा प्रयुक्त परिवेशको अध्ययनका दृष्टिले विशेष महत्त्वको रहेको छ । गङ्गाधरको घर तथा त्यस वरिपरिका विभिन्न गाउँ तथा ठाउँहरू, शशीधरको ससुराली गाउँ, जन्त जाँदा बाटामा पर्ने ठाउँहरू कर्तव्य कथाका स्थानगत परिवेश हुन् । वि.सं. २००८ आसपासको समय जसमा गङ्गाधर बितेपछिको पैँतालिस दिन, मुरलीधर र श्रीधरको विवाद भएको केही महिना, शशीधरको विवाह कर्म र मुरलीधरले भाइलाई उपचार गराएसम्मको समय नै कथाको समयगत परिवेश हो । विवाह संस्कार, मृत्यु संस्कार, सम्पत्तिका नाममा भाइ-भाइबिचमा हुने झगडा जस्ता सांस्कारिक परिवेश; मुरलीधरको पण्डित्याइँ, उनले सप्ताह र पुराण लगाएको सन्दर्भ, श्रीधरले आफ्नो संस्कारलाई छाडेर विकृत संस्कार अपनाएको सांस्कृतिक परिवेश; सय मुरी जिउनी खेत भएको आर्थिक परिवेश नै कथाका वातावरणगत परिवेश हुन् । कर्तव्य कथाको स्थान, समय र वातावरणगत परिवेश खोज्नु, पहिल्याउनु र विश्लेषण गर्नु नै यस लेखको प्राप्ति हो ।*

**शब्दकुञ्जी** : एकादशीको दिन, पिपले खेत, मङ्गलधुन, मृत्यु संस्कार, विवाह संस्कार ।

## विषयपरिचय

*कर्तव्य* कथा गुरुप्रसाद मैनाली (वि.सं. १९५७-२०२८) को *नासो* कथासङ्ग्रहमा सङ्गृहीत एघार कथामध्ये एक कथा हो। एकाध प्रहसन, निबन्ध र कविता लेखे पनि कथा क्षेत्र नै मैनालीको रुचिको क्षेत्र हो। वि.सं. १९७७ पछि कथा लेख्न थाले पनि शारदा पत्रिकाको चौथो अङ्क वि.सं. १९९२ मा प्रकाशित *नासो* कथा नै यिनको पहिलो प्रकाशित कथा र नेपाली साहित्यको पहिलो आधुनिक कथा हो। यिनका कथाहरूमा नेपाली ग्रामीण जनजीवनका विभिन्न साझा समस्यालाई विषय बनाइएको छ। यिनका कथामा ग्रामीण समाजको विषयवस्तु, सिधासाधा पात्र, पात्रको बोलीचालीको भाषा, ग्रामीण परिवेशको चित्रण गरिएको छ। यिनका कथाहरू मूलतः सामाजिक यथार्थका अभिव्यक्ति हुन्। यिनका कथामा नेपाली परिवेशलाई ज्यादै प्रभावकारी ढङ्गमा प्रस्तुत गरिएको छ। यिनको पुर्ख्यौली थलो काभ्रे जिल्लाको तिमाल कानपुर भए पनि यिनका बाबु जागिरका क्रममा नेपालमा विभिन्न ग्रामीण इलाकामा जानुपरेकाले यिनी बाबुसँगै गएका र पछि यिनी पनि जागिरका क्रममा नेपालका कतिपय ग्रामीण इलाकाका पुगेर त्यहाँका समस्या बुझेका हुनाले मुख्यतः तिनै ग्रामीण जनजीवनलाई यिनले आफ्ना कथाको विषयवस्तुका रूपमा लिएका छन्।

कथानकलाई आरम्भ, विकास र अन्त्यको शृङ्खलामा आबद्ध गराउन; कथानकलाई कुनै मोडमा पुऱ्याउन; कुनै घटनामा जोड दिन; पात्रको चरित्राङ्कन गर्न कथामा परिवेश प्रयुक्त हुन्छ। गुरुप्रसाद मैनालीको *कर्तव्य* कथामा परिवेशको चित्रण केकसरी गरिएको छ भन्ने समस्या नै प्रस्तुत लेखको प्रमुख समस्या हो। यही समस्यामा केन्द्रित रहेर परिवेशचित्रण सम्बन्धी सैद्धान्तिक कोणबाट प्रस्तुत कथामा केकस्तो स्थान, समय र वातावरण चित्रण छ भन्ने नै प्रस्तुत अध्ययनको समस्या चयन गरिएको छ। उपर्युक्त शोधसमस्यामा केन्द्रित रहेर *कर्तव्य* कथामा प्रयुक्त परिवेशको सैद्धान्तिक दृष्टिकोणबाट सूक्ष्म विश्लेषण गरी निष्कर्षमा पुग्नु नै प्रस्तुत शोधलेखको उद्देश्य हो। यसै समस्या र उद्देश्यलाई केन्द्रमा राखी प्रस्तुत लेखमा विषयको विश्लेषणलाई अगाडि बढाइएको छ।

## अध्ययनको विधि

प्रस्तुत लेखको समस्याको प्रामाणिक समाधानका निम्ति पुस्तकालयीय कार्यबाट दुई प्रकारका सामग्रीहरूको सङ्कलन गरिएको छ। कृति विश्लेषणको मूल आधार सामग्रीको रूपमा गुरुप्रसाद मैनालीको *कर्तव्य* कथालाई चयन गरिएको छ। यो कथा प्राथमिक स्रोतसामग्री हो। सैद्धान्तिक अध्ययनका लागि सङ्कलन गरिएका सामग्रीहरू र यस कथासँग सम्बद्ध सामग्रीहरू द्वितीय स्रोतका सामग्री हुन्। सङ्कलित सामग्रीका आधारमा निर्धारित कथामा प्रयुक्त परिवेशगत तथ्य सङ्कलन गरी तिनको विमर्श गरिएकाले प्रस्तुत लेखमा विश्लेषण विधिको प्रयोग गरिएको छ। विधातत्वअन्तर्गत परिवेशलाई सैद्धान्तिक आधारको रूपमा लिइएको छ र यसअन्तर्गत स्थान, समय र वातावरण गरी तीन प्रमुख आधार मानिएको छ।

## सैद्धान्तिक आधार

आख्यानयुक्त रचनामा कथानकलाई गति प्रदान गर्ने, पात्रलाई प्रतिकूल तथा अनुकूल प्रभाव पार्ने, कथामा जीवन्तता प्रदान गर्ने, विश्वसनीयता सिर्जना गर्ने, सजीवता र स्वाभाविकता प्रदान गर्ने तत्त्व नै परिवेश हो। यसलाई पर्यावरण पनि भनिन्छ। परिवेशले देशको सामाजिक, धार्मिक,

राजनीतिक परिस्थितिलाई जनाउँछ; आचार-विचार, रीतिस्थिति, चालचलनहरूलाई बुझाउँछ, समाजका असल-खराब, व्यावहारिक र वैचारिक पक्षलाई इङ्गित गर्दछ (प्रधान, २०५२, पृ. १०)। वातावरणले कथालाई बनाउँछ; यसको सजीवता र स्वाभाविकताको अभावमा कथामा विश्वसनीयतामा नै ह्रास आउँछ (थापा, २०६६, पृ. १६३)। टेन कृतिविश्लेषणको मूल आधारका रूपमा कृति रचना भएको युगको पर्यावरणलाई विश्लेषणको मुख्य आधार मान्नुपर्ने धारणा राख्छन् (शर्मा र लुइटेल, २०६१, पृ. १२८)। परिवेशको ढाँचाकाँचा र रङरोगन स्थानीय किसिमको हुनुपर्ने; समाज, संस्कार र सभ्यता कार्यपीठिका र पात्रको निकट नेपथ्यमा निहित रहने तथा समय र परिस्थितिका चापले प्रभाव पार्दै लगेपछि पर्यावरणका सम्पूर्ण पक्षहरू पात्रको जीवनपद्धतिलाई प्रभावित तुल्याउने कारणका रूपमा आइलाग्दछन् (सुवेदी, २०६४, पृ. २५)। कथामा वर्णित स्थान, काल र वातावरणको समष्टि नै परिवेश हो जसले पात्रले कार्यव्यापार सम्पन्न गर्ने ठाउँ, समय र वातावरणमध्ये कुनै एकको अथवा तीनओटैको अभिव्यक्तिलाई जनाउँदछ (गौतम र अधिकारी, २०६९, पृ. १९)। घटनाहरू घटित हुने समाज, त्यस समाजको आर्थिक, नैतिक, व्यावहारिक, व्यावसायिक अवस्थाहरू, रीतिरिवाज, चालचलन, भेषभूषा, संस्कार, संस्कृति, शैक्षिक अवस्था, भौगोलिक संरचना, आदि कुरा परिवेशअन्तर्गत पर्दछन् (गैरे, २०७४, पृ. १५)। यसरी कथामा प्रयुक्त परिवेश कथाको घटना घटित भएको स्थान, समय र घटनाहरू घट्दा तिनलाई एक प्रकार उत्कर्षमा पुऱ्याउन सहयोग गर्ने पक्षहरू नै परिवेश बनेर आएका हुन्छन्। कथाको परिवेशअन्तर्गत कथामा वर्णित तथा उल्लिखित स्थान, समय र वातावरण जस्ता कुराहरू समावेश हुन्छन्।

**स्थान**

कथाको घटना घटित भएको ठाउँ नै स्थान हो। यसलाई देश पनि भनिन्छ। स्थान कथामा घटना घटेको ठाउँ हो जसले पात्रको परिचय दिन तथा उसको चरित्राङ्कनमा सहयोग गर्दछ। प्रायः नेपाली कथामा नेपालभित्रकै स्थान तथा नेपालको गाउँठाउँ हुने गर्दछन्। कुनै कथामा नेपालबाहिरका घटनाहरू समावेश भएको सन्दर्भमा विदेशका स्थान पनि प्रयुक्त हुन सक्छन्। कतै सहरको स्थान पनि कथामा प्रयुक्त हुन्छन्।

**समय**

कथाको घटना कुनै समयमा घटेको हुन्छ। समय बिहान, दिउँसो, साँझ, राति जुनसुकै पनि हुन सक्छ। कथा मूलतः भूत र वर्तमानका घटना कथामा प्रस्तुत हुन्छन् तापनि कहिलेकाहीँ भविष्यत्को पनि प्रयोग हुन्छ (पौड्याल, २०६५, पृ. १३६)। समयअन्तर्गत कथा लेखनको समय, कथावस्तुले समेटेको समय र कथा प्रकाशनको समय पर्दछन्। समयले पात्रको भाषा, रीतिस्थिति, भेषभूषा, जीवनस्तर, सोचाइ जस्ता कुरालाई पनि यसले स्पष्ट प्रभाव पार्दछ (बराल र एटम, २०५८, पृ. ३८)। कथामा प्रयोग गरिएको समयगत परिवेशका कारण कतिपय अवस्थामा त्यस समाजको ऐतिहासिक तथ्यलाई समेत पहिचान गर्न सहयोग पुग्दछ। यसले युगलाई पनि सङ्केत गर्न सक्छ।

**वातावरण**

प्राकृतिक तथा मानव निर्मित वस्तुहरू जसले कार्यव्यापारलाई बढाएका हुन्छन्, पछि घट्ने घटनाको सङ्केत गरेका हुन्छन् आदिलाई वातावरण भनिन्छ। कथामा प्रस्तुत गरिएका पात्रहरूको

आर्थिक अवस्था, शैक्षिक अवस्था, दुःख, सुख, जातीय अवस्था, पात्रको मनका विषाद, आशक्ति, क्षोभ, हर्ष, ईष्या, ग्लानि र त्यससँग सम्बन्धित पारिवारिक, सामाजिक अन्तर्सम्बन्ध जस्ता विषय, अवस्था वातावरणअन्तर्गत पर्दछन् । सामाजिक परिवेश, आर्थिक अवस्था, राजनीतिक सन्दर्भ, शैक्षिक अवस्था, सांस्कृतिक पक्ष जस्ता विषयहरूलाई वातावरणले सम्बोधन गरेको हुन्छ । भौतिक पक्ष तथा व्यक्तिको मनोवैज्ञानिक पक्षलाई पनि वातावरणले समेटेको हुन्छ ।

यिनै तीन पक्ष स्थान, समय र वातावरणका आधारमा *कर्तव्य* कथाको परिवेश खोज्ने, पहिल्याउने र विश्लेषण गर्ने काम यस लेखमा भएको छ ।

## विमर्श र नतिजा

कुनै घटना, परिस्थिति वा विषयप्रति आफ्नो विचार वा दृष्टिकोण प्रस्तुत गर्न कथाकारले कथाको रचना गर्छ । यसका लागि कथाकारले कथामा कुनै न कुनै स्थान, समय र परिवेशको चित्रण अवश्य गर्छ । कथाको विषयअनुसार कथामा सामाजिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक जस्ता विविध परिवेशको चित्रण गरिएको हुन्छ । *कर्तव्य* कथामा आफ्नै स्थान, समय र परिवेश छ । *कर्तव्य* कथामा चित्रित स्थान, समय र परिवेशको खोजी र यस्तो सामाजिक परिवेशको प्रस्तुतिको विश्लेषण यस खण्डमा गरिएको छ ।

### *कर्तव्य* कथाको आख्यानसन्दर्भ

गुरुप्रसाद मैनालीको *नासो* कथासङ्ग्रहमा सङ्गृहीत *कर्तव्य* कथाको कथावस्तु गाउँका प्रतिष्ठित व्यक्ति गङ्गाधरको मुत्युबाट प्रारम्भ भएको छ । उनको मृत्युले गाउँ नै शोकमा डुबेको छ । उनको मलाम जानेको लामो लर्को देखिन्छ । गङ्गाधरको मृत्युको घटनापछि यिनका दुई छोरा जेठो मुरलीधर र कान्छो श्रीधरबिच जिउनी खेत पिपलेको अंशबण्डा सम्बन्धमा मनमुटाव सुरु हुन्छ । यिनीहरू मुद्दामामिला हुँदै दुई दाजुभाइबिच बोलचालै बन्द भएको अवस्थासम्म पुग्छ । मुरलीधर जिउनीको अंश आफूले पनि पाउनुपर्ने उजुरी लिएर अदालतमा उजुरी हाल्न पुग्छन् । अदालतले धर्म र नैतिक न्यायको सट्टा कागजात र चिनजान तथा राजनीतिक पहुँचका आधारमा श्रीधरले मुद्दा जित्छन् ।

श्रीधर बिरामी पर्छन् । उनलाई आफ्नै जीवनकालमा छोरो शशीधरको विवाह गर्न मन लाग्छ । त्यस्तैमा केटी दिने कुटुम्ब पनि आइपुग्छन् । दुवै पक्षको कुरा मिलेपछि विवाह छिनिन्छ । धुमधामसँग शशीधरको विवाह हुँदै गर्दा घर जोडिएका मुरलीधरलाई निम्त्याइएको हुँदैन तैपनि मुरलीधर भतिजको विवाह भएको थाहा पाउँछन् । भाइ यस विवाहमा जान नसकेको तथा बाबुको इज्जत जन्त गएका अल्लारे केटाहरूले फाल्ने आशङ्काले उनी नबोलाइए पनि कर्तव्यबोधले जन्त जान्छन् । विवाहमण्डपमा वरको बाबुको कर्तव्य पूरा गरी उनले कुलको इज्जत जोगाउँछन् ।

दाजुलाई छोरो शशीधरको विवाह कर्ममा नबोलाएको तथा दाजुले भने आफ्नो कर्तव्य चाहिँ पूरा गरेकोमा श्रीधरलाई पश्चात्ताप हुन्छ । उनी परिवर्तन भई आफूले मुद्दामा जितेको बाबुको जीउनी पिपले खेत दाजुलाई आधा दिन तयार हुन्छन् । यो कुरा लिएर शशीधर ठुलाबाको घरमा जान्छ तर मुरलीधर भने भाइ बिरामी भएको, सम्पत्ति उपचार गर्दागर्दै घट्दै गएकोमा भाइ र भतिजोप्रति दयाभावले गर्दा त्यो जग्गा लिन मान्दैनन् ।

पश्चात्तापमा परी श्रीधरले दाजु मुरलीधरलाई आफ्नो घरमा बोलाई क्षमायाचना गर्दै आफू रोगले अशक्त भएको बताउँछन् । उनले आफ्नो परिवार दाजुको जिम्मामा लगाउँछन् । दाजुले पनि भाइको औषधोपचारको व्यावस्था गरेसँगै कथाको अन्त्य भएको छ ।

कथामा दुई दाजुभाइले दुई भिन्न विचार र प्रवृत्तिको प्रतिनिधित्व गरेका छन् । मुरलीधरले पुरानो तथा संस्कारी परम्परा; कर्तव्यबोध भएको व्यक्ति, परिवारिक सम्बन्धलाई ठुलो ठान्ने प्रवृत्तिको प्रतिनिधित्व गरेका छन् भने श्रीधरले विकृत संस्कार र परम्परालाई आत्मसात् गरेको, वारिवारिक सम्बन्धलाई वास्ता नगर्ने आधुनिक युवापुस्ताको प्रवृत्तिलाई अपनाएका छन् । कथाका सबैजसो घटनामा मुरलीधरले आफ्नो कर्तव्य पूरा गरेका छन् । उनी सकारात्मक सोच भएका आदर्शवादी व्यक्ति हुन् । यता श्रीधर चाहिँ परम्परा र संस्कारलाई नमान्ने, धनको अहम् भएका, कुलपरम्पराप्रति कत्ति जिम्मेवार नभएका नकारात्मक सोचाइ भएका व्यक्ति हुन् । प्रस्तुत कथामा कथाकारले कर्तव्यनिष्ठा र त्यसको आदर्श स्वरूपलाई पारिवारिक सम्बन्धका सन्दर्भमा प्रस्तुत गरेका छन् (भट्ट, २०६०, पृ. १३०) । कुनै पनि मानिसको पहिचान उसको कर्तव्यबोधले गराउँछ । यसैका कारण मानिसको जित हुन्छ र समाजमा पनि सधैँभरि प्रतिष्ठा रहिरहन्छ । असत्य सधैँ टिक्दैन । खहरे जस्तै छोटो समय यसको दबदबा रहन्छ । श्रीधरको पनि यही खहरे प्रवृत्ति छ । उनलाई दाजुकै सहयोग चाहिएको छ । उनी पश्चातापमा रुमलिन परेको छ ।

**कर्तव्य कथामा स्थानको पहिचान र विश्लेषण**

गुरुप्रसाद मैनालीको *नासो* कथासङ्ग्रहमा सङ्गृहीत *कर्तव्य* कथामा प्रस्तुत स्थानगत सन्दर्भ र तिनको विश्लेषण निम्नअनुसारको छ :

**स्थानगत साक्ष्यहरू**

साक्ष्य १ छोराहरू भिन्न हुँदा 'पिपले' भन्ने सयमुरी खेत बुढाले आफ्नो जिउनी राखेका थिए (मैनाली, २०५७, पृ. ७३) ।

साक्ष्य २ मुरलीधर न्वाएर पूजाकोठामा पसेका मात्रै थिए, श्रीधरका घरमा बाजा बज्न लागेको सुनेर झ्यालबाट हेर्न लागे (पृ. ७५) ।

साक्ष्य ३ आँगनमा चौकाचँदुआ गरेको, चारैतिर तोरण टाँगेको, मण्डप ध्वजापताकाले सिँगारिराखेको, निम्तामा आएका नसनाताहरू राम्रा राम्रा लुगा लाएर बाहिरभित्र गरिरहेका, अरू इष्टमित्रहरू चाहिँ दलान, फलैँचा, बैठकमा डम्माडम्मी भएर बसेका, मण्डपमा यज्ञसामग्रीहरू फिँजिराखेका, पुरोहित वेदी अगाडि बसेर यज्ञविधि गर्न लागेका, बडो अपूर्व शोभा देखिन्थ्यो (पृ. ७५) ।

साक्ष्य ४ एक छिनपछि सकीनसकी मण्डपमा आएर श्रीधरले पूर्वाङ्ग कर्म गर्न लागे (पृ. ७५) ।

साक्ष्य ५ मुरलीधर आफ्नो पूजाकोठाको झ्यालमा उभिएर हेरिरहेका थिए (पृ. ७५) ।

साक्ष्य ६ जन्ती बँसीमा पुगिसके, चाँडो दोसल्ला झिकिदेऊ (पृ. ७७) ।

साक्ष्य ७ बरियात खोलापारि पुगिसकेको थियो (पृ. ७७) ।

साक्ष्य ८ वरणी सिद्धिएको केही बेरपछि यज्ञमण्डपको कार्य आरम्भ भो । पुरोहित वेदीमा रेखी हाल्न थाले । भित्रबाट यज्ञसामग्रीहरू आउन लागे । यज्ञ सम्पन्न भएपछि दुलाहादुलहीलाई बस्न पुग्ने गरी आसन ओछ्याएर दुलाहालाई राखे (पृ. ७७) ।

साक्ष्य ९ मुरलीधर उठेर मण्डपमा गए (पृ. ७७) ।

साक्ष्य १० अनि दुलहीदुलाहाको डोली अगाडि लाएर मुरलीधर घरतिर फर्के (पृ. ७८) ।

साक्ष्य ११ साँझ पर्ने वेलामा बरियात गाउँनेर पुग्यो (पृ. ७८) ।

साक्ष्य १२ पँधेरामाथिको चौतारामा रमिता हेर्ने मानिसको घुइँचो थियो (पृ. ७८) ।

साक्ष्य १३ बरियात दोबाटोनेर पुगेपछि "लौ, घर लगेर भित्र्याऊ" भनेर मुरलीधर आफ्ना घरतिर गए (पृ. ७८) ।

साक्ष्य १४ एकदिन बिहान मुरलीधर आफ्नो नित्यकर्म सिध्याएर फलैंचामा बसेर भागवत हेर्न लागेका थिए, त्यस्तैमा शशीधरले बिस्तार बिस्तार आएर मुरलीधरलाई ढोगिदियो र दलानको थाममा टाँसिएर भन्यो, "ठुलाबा ! जीउनीको पिपले खेतमा हजुरलाई जताबाट मनपर्छ नापेर आधा खेत कमाउनुहोस् अरे, बाले भनेर पठानुभाको (पृ. ७८) ।"

साक्ष्य १५ शशीधर केही उत्तर नदिएर छिटो छिटो आफ्ना घरतिर गयो (पृ. ७८) ।

साक्ष्य १६ कमला चाहिँ दैलाको आडमा उभिएर बाबुछोराको कुरा सुनिरहेकी थिइन् (पृ. ७८) ।

साक्ष्य १७ श्रीधर खाटमा कोल्टे परेर सुतिरहेका रहेछन् (पृ. ७९) ।

साक्ष्य १८ तिमीलाई देशतिर औषधी गराउन लैजान्छु (पृ. ७९) ।

साक्ष्य १९ यो घटना भएको छसात दिनपछि भाइलाई लिएर औषधी गराउन मुरलीधर देशतिर हिँडे भन्ने सुनियो (पृ. ७९) ।

**साक्ष्यहरूको विश्लेषण**

साक्ष्य १ मा पिपले खेत र त्यस वरिपरिका ठाउँहरू कथामा प्रयुक्त स्थानगत परिवेश हुन् ।

साक्ष्य २ मा मुरलीधरको घरको पूजाकोठा स्थानगत परिवेश हो ।

साक्ष्य ३ मा श्रीधरको घरको आँगन जहाँ चारैतिर तोरण टाँगेको, मण्डप ध्वजापताकाले सिँगारिराखेको, निम्तामा आएका नसनाताहरू राम्राराम्रा लुगा लाएर बाहिरभित्र गरिरहेका, अरू इष्टमित्रहरू चाहिँ दलान, फलैंचा, बैठकमा डम्माडम्मी भएर बसेका, मण्डपमा यज्ञसामग्रीहरू फिँजिराखेका, पुरोहित वेदीअगाडि बसेर यज्ञविधि गर्न लागेका थिए । त्यो मण्डपस्थल नै स्थानगत परिवेश हो ।

साक्ष्य ४ मा श्रीधरको घरमा शशीधरको विवाहका लागि मनाइएको मण्डप नै स्थानगत परिवेश हो ।

साक्ष्य ५ मा मुरलीधरको घरको पूजाकोठाको झ्याल जहाँबाट उनले नजिकै रहेको भाइको घरमा भएको कार्य हेरिरहेका थिए त्यो नै स्थानगत परिवेश हो ।

साक्ष्य ६ मा जन्ती बेहुलीको घरतिर जाँदै गर्दा बँसीमा पुगेको सन्दर्भले बँसी स्थानगत सन्दर्भ हो ।

साक्ष्य ७ मा बरियात बेहुलीको घरतिर जाँदै गर्दा खोलापारि पुगेको सन्दर्भमा प्रयुक्त खोला स्थानगत परिवेश हो ।

साक्ष्य ८ मा बेहुलीको घरको यज्ञमण्डप स्थानगत परिवेश हो ।

साक्ष्य ९ मा बेहुलीको घरको यज्ञमण्डपलाई मण्डप मात्रै भनिएको छ । यो कथामा प्रयुक्त स्थानगत परिवेश हो ।

साक्ष्य १० मा मुरलीधरको घर स्थानगत परिवेश हो ।

साक्ष्य ११ मा मुरलीधर, श्रीधरको गाउँ स्थानगत परिवेशका रूपमा कथामा प्रयुक्त छ ।

साक्ष्य १२ मा बरियातको रमिता हेर्न बसेका मानिसहरू भएको पँधेरामाथिको चौतारो स्थानगत परिवेश हो ।

साक्ष्य १३ मा बरियात पुगेको दोबाटो स्थानगत परिवेश हो ।

साक्ष्य १४ मा मुरलीधरको घरको दलानको थाम प्रयुक्त छ । यो नै स्थानगत परिवेश हो ।

साक्ष्य १५ मा शशीधरको घर स्थानगत परिवेश हो ।

साक्ष्य १६ मा कमलाको घरको दैलो स्थानगत परिवेश हो ।

साक्ष्य १७ मा श्रीधरको खाट स्थानगत परिवेश हो ।

साक्ष्य १८ र १९ मा मुरलीधरले भाइ श्रीधरलाई देशतिर औषधी गराउन लाने बताएका छन् । यो देश स्थानगत परिवेश हो । यसले अस्पताल भएको सहरलाई सङ्केत गरेको हो ।

यसरी *कर्तव्य* कथामा गङ्गाधर, मुरलीधर र श्रीधरको घर तथा त्यस वरिपरिका विभिन्न ठाउँहरू, घर वरिपरिको गाउँ, शशीधर विवाह गर्न गएको गाउँ, विवाहमा जन्त जाँदा बाटामा पर्ने स्थानहरू र मुरलीधरले भनेको देश कथाका स्थानगत परिवेश हुन् ।

**कर्तव्य कथामा समयको पहिचान र विश्लेषण**

गुरुप्रसाद मैनालीको *नासो* कथासङ्ग्रहमा सङ्गृहीत *कर्तव्य* कथामा प्रस्तुत समयगत सन्दर्भ र तिनको विश्लेषण निम्नअनुसारको छ :

**समयगत साक्ष्यहरू**

साक्ष्य १ लगालग नौ दिन ज्वरो आएर मुखिया गङ्गाधरले संसार छोडे (पृ. ७२) ।

साक्ष्य २ क्रिया सिद्धिएको केही दिनपछि बाबुको जिउनी खेतको विषयमा मुरलीधर र श्रीधरका बिच विवाद उठ्यो (पृ. ७३) ।

साक्ष्य ३ पैँतालिस दिनको काम सिद्धिएको भोलिपल्ट जिउनी खेतको निर्णयका निमित्त मुरलीधरले गाउँका मानिसहरूलाई बोलाए (पृ. ७३) ।

साक्ष्य ४ ग्रामसभा बिसर्जन भएको अलि दिनपछि बाबुका अन्तिम आज्ञाको आधार लिएर मुरलीधरले अदालतमा नालिस दिए (पृ. ७४) ।

साक्ष्य ५ यता केही महिनादेखि श्रीधर बिरामी छन् (पृ. ७४)।

साक्ष्य ६ जनक्रान्तिदेखि यता श्रीधरले अड्डाखानामा पनि आफ्नो रोबरवाफ प्रशस्त जमाइराखेका थिए (पृ. ७४)।

साक्ष्य ७ शशीधर भरखर पन्ध्र वर्ष मात्र लागेको थियो, आदर्श विद्यालयको दशौँ कक्षामा पढ्थ्यो (पृ. ७५)।

साक्ष्य ८ वैशाखको महिना थियो (पृ. ७५)।

साक्ष्य ९ एक छिनपछि सकीनसकी मण्डपमा आएर श्रीधरले पूर्वाङ्ग कर्म गर्न लागे (पृ. ७५)।

साक्ष्य १० अपराह्नतिर दुलाहा अन्माउन थाले (पृ. ७५)।

साक्ष्य ११ एक छिनपछि बाजाबालाहरू मङ्गलधुन बजाउँदै अघि अघि हिँडे (पृ. ७५)।

साक्ष्य १२ त्यसपछि दुलाहाको तामदान चल्यो (पृ. ७५)।

साक्ष्य १३ उनलाई यस्तो टट्यानपुर घाममा एक्लै ओह्रालो लागेको देखेर गाउँका मानिसहरू अचम्म मानेर मुखमुखमा हेर्न लागे (पृ. ७७)।

साक्ष्य १४ झमक्क साँझ परेपछि दुलहीका घरमा पुगेर सुटुक्क फलैँचामा बसे (पृ. ७७)।

साक्ष्य १५ एक छिनपछि छोरी बोकेर घरभित्रबाट दुलहीका बाबु निस्के र छोरीलाई दुलाहाका बायाँतर्फ बसाए (पृ. ७७)।

साक्ष्य १६ भोलिपल्ट दिउँसो दुलही अन्माइदिए (पृ. ७८)।

साक्ष्य १७ साँझ पर्ने वेलामा बरियात गाउँनेर पुग्यो (पृ. ७८)।

साक्ष्य १८ आज एकादशी भनेर पण्डित बाजेले केही खानुभएन, भोकै आउनुभो (पृ. ७८)।

साक्ष्य १९ बिहे सिद्धिएको एक महिना पछिको कुरो हो (पृ. ७८)।

साक्ष्य २० एकदिन बिहान मुरलीधर आफ्नू नित्यकर्म सिध्याएर फलैँचामा बसेर भागवत हेर्न लागेका थिए, त्यस्तैमा शशीधरले बिस्तार बिस्तार आएर मुरलीधरलाई ढोगिदियो र दलानको थाममा टाँसिएर भन्यो, "ठुलाबा ! जीउनीको पिपले खेतमा हजुरलाई जताबाट मनपर्छ नापेर आधा खेत कमाउनुहोस् अरे, बाले भनेर पठानुभाको (पृ. ७८)।"

साक्ष्य २१ शशीधरले खेत कमाउने कुरो सुनाएर गएको चौधपन्ध्र दिनपछि एकदिन मुरलीधर फलैँचामा बसेर नस सुँघ्दै विद्यार्थीहरूलाई रघुवंशको पाठ घोकाउँदै गर्न लागेका थिए। त्यस्तैमा श्रीधरकी सानी छोरी रमाले आएर रुन्चे मुख लगाएर भनी- "ठुलाबा ! बालाई व्यथाले चाप्यो, हजुरलाई बोलाउन पठाउनुभाको (पृ. ७८)।

साक्ष्य २२ चार वर्षपछिको यी दुई दाज्यूभाइको पुनर्मिलन सारै दुःखलाग्दो देखियो (पृ. ७९)।

साक्ष्य २३ मुरलीधरको गहभरि आँसु भएको देखेर उनको गोडा समाउँदै श्रीधरले रुन्चे स्वरले भने, "दाज्यू अस्तिदेखि दम बढ्न थाल्यो। मलाई अब धेरै दिन बाँचुला जस्तो लाग्दैन। मैले

जीवनमा हजुरका प्रति धेरै अत्याचार गरेको छु । यस अज्ञानीको सबै अपराध क्षमा गरेर यी नाबालक छोराछोरीको शरण लिइदिनुहोला (पृ. ७९) ।"

साक्ष्य २४ यति भनेर भाइका पथपरेजको व्यवस्था मिलाएर केही बेरपछि मुरलीधर आफ्नो घरतिर गए (पृ. ७९) ।

साक्ष्य २५ यो घटना भएको छसात दिनपछि भाइलाई लिएर औषधी गराउन मुरलीधर देशतिर हिँडे भन्ने सुनियो (पृ. ७९) ।

**साक्ष्यहरूको विश्लेषण**

साक्ष्य १ मा नौ दिनको समय समयगत परिवेशका रूपमा आएको छ ।

साक्ष्य २ मा गङ्गाधरको क्रिया सिद्धिएपछिको केही दिन समयगत परिवेशका रूपमा आएको छ ।

साक्ष्य ३ मा गङ्गाधरको पैँतालिस दिनको काम सिद्धिएका भोलिपल्ट समयगत परिवेशका रूपमा आएको छ ।

साक्ष्य ४ मा मुरलीधर र श्रीधरबिच जिउनीखेतका सम्बन्धमा विवाद भई ग्रामसभा बिसर्जन भएको अलि दिनपछिको समय समयगत परिवेशका रूपमा आएको छ ।

साक्ष्य ५ मा केही महिना समयगत परिवेशका रूपमा आएको छ ।

साक्ष्य ६ मा शशीधरका पन्ध्र वर्षको उमेर उल्लेख छ । यो कथामा प्रस्तुत समयगत परिवेश हो ।

साक्ष्य ७ मा जनक्रान्तिदेखि यताको समय परिवेशका रूपमा प्रयुक्त छ ।

साक्ष्य ८ मा वैशाखको महिना समयगत परिवेशका रूपमा आएको छ ।

साक्ष्य ९, ११, १५ मा एक छिनपछिको समय समयगत परिवेशका रूपमा आएको छ ।

साक्ष्य १० मा अपराह्न समयगत परिवेशका रूपमा आएको छ ।

साक्ष्य १२ मा त्यसपछि समयगत परिवेशका रूपमा आएको छ ।

साक्ष्य १३ मा टट्यानपुर घाम लागेको समय समयगत परिवेशका रूपमा आएको छ ।

साक्ष्य १४ मा झमक्क साँझ परेपछि भन्ने समय परिवेशका रूपमा आएको छ ।

साक्ष्य १६ मा भोलिपल्ट दिउँसो समयगत परिवेशका रूपमा आएको छ ।

साक्ष्य १७ मा साँझ पर्ने बेलाको समय परिवेशका रूपमा आएको छ ।

साक्ष्य १८ मा एकादशी तिथि समयगत परिवेशका रूपमा प्रयुक्त भएको छ ।

साक्ष्य १९ मा बिहे सिद्धिएको एक महिनापछिको समयगत परिवेशका रूपमा आएको छ ।

साक्ष्य २० मा एकदिन बिहान भनी कुनै समयको सङ्केत गरेको छ ।

साक्ष्य २१ मा शशीधरले खेत कमाउने कुरो सुनाएर गएको चौधपन्ध्र दिनपछि र त्यस्तैमा भन्ने समय बुझाउने वाक्यांश प्रयोग भएको छ ।

साक्ष्य २२ मा चार वर्षपछि समयगत परिवेशका रूपमा आएको छ ।

साक्ष्य २३ मा अस्तिदेखि र अब धेरै दिन जस्ता समय बुझाउने पद तथा पदावली बुझाएका छन् ।

साक्ष्य २४ मा केही बेरपछि भन्ने समयसूचक पदावली प्रयुक्त छ ।

साक्ष्य २५ मा कुनै घटना भएको छसात दिनपछिको समय सङ्केत गरेको छ ।

प्रस्तुत कथा लेखनको समय वि.सं. २००८ आसपासको समय हो (भट्ट, २०६०, पृ. १८) भने यसको प्रकाशनको समय वि.सं. २०२० हो । गङ्गाधर बितेपछिको पैँतालिस दिनसम्मको समय, गङ्गाधरका दुई छोराहरू : मुरलीधर र श्रीधरको विवाद भएको केही महिना, शशीधरको विवाह कर्म, यसपछिको समय र मुरलीधरले भाइलाई उपचार गराएसम्मको समय नै *कर्तव्य* कथाले समेटेको समयगत परिवेश हो । कथामा त्यसपछि, केहीबेरपछि, अस्तिदेखि, एकछिनपछि, भोलिपल्ट, साँझ, एकादशीको दिन जस्ता समयसूचक पद तथा पदावली पनि प्रयुक्त छन् । यिनले पनि कथाको समयलाई बुझाएका छन् । कथामा एक दिनभित्रका पनि बिहान, दिउँसो, साँझ, अपराह्न आदि सबै समयको उपयोग गरिएको छ ।

**कर्तव्य कथामा वातावरणको पहिचान र विश्लेषण**

गुरुप्रसाद मैनालीको *नासो* कथासङ्ग्रहमा सङ्गृहीत *कर्तव्य* कथामा प्रस्तुत वातावरणगत सन्दर्भ र तिनको विश्लेषण निम्नअनुसारको छ :

**वातावरणगत साक्ष्यहरू**

साक्ष्य १ उनको देहावसानले गर्दा वरिपरि दश गाउँको अपार क्षति भो (पृ. ७२) ।

साक्ष्य २ बिरामी कुर्न बसेका दश गाउँका दुनियाँ डाको छोडेर रुन लागे । एउटा ठुलो आर्तनाद दिग्दिगन्तमा व्याप्त भो । केही बेरपछि शव उठाएर खोलातिर लगे । मलामीको लर्को गाउँदेखि तल खोलासम्म पुग्यो (पृ. ७२) ।

साक्ष्य ३ मुरलीधर पण्डित थिए । सबेरै न्वाउँथे, आधा दिनसम्म पूजापाठ गर्थे । उनी आफ्नो धर्म र संस्कृतिका उपर असीम श्रद्धा राख्दथे । आफ्ना पिताका झैँ उनी पनि अरूलाई सताउनु महापाप सम्झन्थे । मानिसहरू उनलाई जिल्लाका टाढा टाढा ठाउँमा बोलाएर सप्ताह पुराण सुन्थे । उनी एउटा वास्तवमा सच्चा ब्राह्मण थिए (पृ. ७३) ।

साक्ष्य ४ यता भाइ श्रीधर चाहिँ राजनीतिक पार्टीका सदस्य र ग्रामविकासका प्रधान थिए । उनले दशौँ श्रेणीसम्म अङ्ग्रेजी पढेका थिए । उनी धोक्रे सुरुवाल र कुर्ता लाउँथे । जुँगा, दारी खौरेर लामो बुलबुल पालेका थिए । कहिलेकाहीँ बुलबुलको अग्रभाग निधारतिर झऱ्यो भने टाउको झड्कारेर पछाडितिर सार्थे । आधा अङ्ग्रेजी, चौथाइ संस्कृत, चौथाइ नेपाली मिसाएर कुरा गर्थे । त्यसो हुनाले उनले गरेका कुरा अशिक्षित ग्रामीण जनताहरू चौथाइ मात्र बुझ्दथे । पूजापाठ गर्नु, टीकाचन्दन लगाउनु दासत्वको चिह्न हो भन्थे । वीरगन्जको अधिवेशनमा जाँदा गोरखपुरमा 'केलनर'को होटलभित्र पसेर के के, के के खाए भनी उनका साथीहरू भन्थे (पृ. ७३) ।

साक्ष्य ५ जिल्ला गाउँका मानिसहरू उनबाट अर्थोकमा भन्दा धनीहरूको अधियाँ बाली कब्जा गर्ने, अधीन गर्ने, साहु बिर्तावालहरूको लरलहना, झाराखेताला हड्प्ने काममा विशेष सहायता पाउँथे (पृ. ७३) ।

साक्ष्य ६ सम्पत्तिका धनी बाबुले नै "दुवै छोराले आधा आधा खानू" भनेर गएपछि त्यस महाआत्माको अन्तिम आज्ञा श्रीधरले मान्नैपर्छ भन्ने निर्णय बुढापाकाले गरे, आधाआधा खानू भन्ने लिखत पण्डित बाजेले देखाउन नसकेपछि बाबु जुन छोरासँग बसेका हुन्, ऐनकानुनले जिउनी उसै छोराको एकलौटी हुन्छ भन्ने फैसला ठिटाहरूले गरे । बुढापाकाले धर्मको न्याय गरे, ठिटाहरूले ऐनको (पृ. ७४) ।

साक्ष्य ७ भोज सम्झेर गाउँका सारा कुकुरहरू पनि त्यहीँ जम्मा भएका थिए (पृ. ७४) ।

साक्ष्य ८ यस्तै बेलामा कुटुम्बले छोरा शशीधरलाई छोरी दिन आए । कुटुम्ब धनीमानी थिए । जिल्लामा उनको ठूलो ख्याति थियो । मधेशतिर तीनचार मौजा जिमिदारी छ भन्थे । सन्तानमा केवल यिनै एउटी छोरी मात्र हुन् भन्ने सुनिन्थ्यो (पृ. ७५) ।

साक्ष्य ९ छोराको यति सानै उमेरमा बिहा गर्न त श्रीधरको मन थिएन । तर एउटी छोरी मात्र भएका धनी कुटुम्बले घरै आएर छोरी दिँदा उनी बडो असमञ्जसमा परे । उता महिलाहरूले पनि बिहा गर्नै पर्छ भनेर करकर गर्न थाले । उनले महिलाको हठलाई नाइँनास्ति गर्न सकेनन् । कामकुरो छिनियो । खुब मन फुकाएर बिहाका मालसर्जाम तयार गर्न थाले (पृ. ७५) ।

साक्ष्य १० आँगनमा चौकाचँदुआ गरेको, चारैतिर तोरण टाँगेको, मण्डप ध्वजापताकाले सिँगारिराखेको, निम्तामा आएका नसनाताहरू राम्रा राम्रा लुगा लाएर बाहिरभित्र गरिरहेका, अरू इष्टमित्रहरू चाहिँ दलान, फलैँचा, बैठकमा डम्माडम्मी भएर बसेका, मण्डपमा यज्ञसामग्रीहरू फिँजिराखेका, पुरोहित वेदी अगाडि बसेर यज्ञविधि गर्न लागेका, बडो अपूर्व शोभा देखिन्थ्यो (पृ. ७५) ।

साक्ष्य ११ एक छिनपछि बाजाबालाहरू मङ्गलधुन बजाउँदै अघि अघि हिँडे । त्यसपछि दुलाहाको तामदान चल्यो । शशीधर बिहाका राम्रा राम्रा पोसाक लाएर ताम्दानमाथि बसेको थियो । शिरमा जरीवाल गुलाफी पगरी, काँधमा रातो दोसल्ला, गलामा फूलको माला, निधारमा पहेँलो ठाडो तिलक, कानमा उज्ज्वल टप लगाएको गर्न्धव जस्तो देखिन्थ्यो । शशीधरलाई दुलाहाका रूपमा ताम्दानमा बसेको देखेर हर्षले मुरलीधरको गहभरि आँसु भो, मनमनमा भने "कुलको जेठो सन्तान, मेरो पिण्डपानीको दाता (पृ. ७५-७६) !"

साक्ष्य १२ "खोलामा बाको कत्रो नाउँ छ । आज पनि घर घरमा बाकै यश र कीर्तिको चर्चा हुन्छ । उसमाथि त्यस्ता घरानियाँ कुटुम्बका दैलामा बरियात जानु छ । यी ठिटाहरू चुरोट फुक्न र पुङ्नपुच्छरको उट्पटाङ गफ चुट्नबाहेक अर्थोक जान्दैनन् । बाबुचाहिँ ओछ्यानमा लम्पसार परिरहेछ । यिनले बाबुबाजेको नाउँ इज्जत पखाल्न आँटे । अब आँखा चिम्लेर बस्नु भएन" भनेर मुरलीधर आफ्ना कोठामा पसे अनि लुगासुगा लाएर उनले जहानसँग भने, "कमला, मेरो दोसल्ला झिकिदेऊ ।" पतिलाई लुगासुगा लाएर हिँड्न तम्तयार

भएको देखेर कमलाले भनिन्, “यस्तो टट्यानपुर घाममा कता हिँड्न लाग्नुभाको नि (पृ. ७६) ?

साक्ष्य १३ घरगृहस्थीको यति ठुलो काममा घरको एक भाइ पनि नगए जोरीपारीले के भन्लान् ? स्वर्गमा बसेका पितृहरूले के भनिठान्लान् ? तिमी अर्काको घरबाट आएकी छोरी हौ कमला; कुलको मानमर्यादा भनेको कत्रो कुरो हो । त्यो तिमीलाई थाहा छैन (पृ. ७६-७७) ।

साक्ष्य १४ मुरलीधर पुग्दा दुलहीका बाबु वरणी गर्न लागेका रहेछन् ( पृ. ७७) ।

साक्ष्य १५ वरणी सिद्धिएको केही बेरपछि यज्ञमण्डपको कार्य आरम्भ भो । पुरोहित वेदीमा रेखी हाल्न थाले । भित्रबाट यज्ञसामग्रीहरू आउन लागे । यज्ञ सम्पन्न भएपछि दुलाहादुलहीलाई बस्न पुग्ने गरी आसन ओछ्याएर दुलाहालाई राखे । एक छिनपछि छोरी बोकेर घरभित्रबाट दुलहीका बाबु निस्के र छोरीलाई दुलाहाका बायाँतर्फ बसाए । दुलही बसेपछि लाज माने जस्तो गरेर शशीधर अलि पर सऱ्यो । शशीधरले लाज मानेको देखेर मुरलीधर मुसुमुसु हाँस्न लागे (पृ. ७७) ।

साक्ष्य १६ मुरलीधर जिल्लाभरिका विख्यात पण्डित थिए। उनलाई कन्यापक्षका धेरै मानिसहरू चिन्दथे। श्रीधर र मुरलीधरले जिउनीका विषयमा वर्ष दिनसम्म मुद्दा लडेको पनि धेरै जनालाई थाहा थियो। कन्या पक्षका बुढापाकाहरूले भने, “त्यस्ता महापुरुषका सन्तानहरू आफ्नो कर्तव्य किन छोड्दथे। तब पो मानिसहरू कुलघरान भन्दछन् (पृ. ७७) ।”

साक्ष्य १७ विवाहविधि आरम्भ भो । पुरोहितले ऋचामन्त्रहरू उच्चारण गर्दा अशुद्ध भएका ठाउँमा मुरलीधर सच्याइदिन्थे । शशीधर चाहिँ जेठा बाबुका छातीमा अडेस लागेर आनन्दसँग बसेको थियो। मुरलीधर बखतबखतमा गर्नुपर्ने कर्महरू छोरालाई सिकाइदिन्थे । एवम्प्रकारले विवाहविधि समाप्त भो (पृ. ७८) ।

साक्ष्य १८ “आज एकादशी भनेर पण्डित बाजेले केही खानुभएन, भोकै आउनुभो (पृ. ७८) ।”

साक्ष्य १९ शशीधरले बिस्तार बिस्तार आएर मुरलीधरलाई ढोगिदियो (पृ. ७८) ।

साक्ष्य २० जीउनीको पिपले खेतमा हजुरलाई जताबाट मनपर्छ नापेर आधा खेत कमाउनुहोस् अरे, बाले भनेर पठानुभाको (पृ. ७८) ।”

साक्ष्य २१ शशीधरले खेत कमाउने कुरो सुनाएर गएको चौधपन्ध्र दिनपछि एकदिन मुरलीधर फलैँचामा बसेर नस सुँघ्दै विद्यार्थीहरूलाई रघुवंशको पाठ घोकाउँदै गर्न लागेका थिए ( पृ. ७८) ।

साक्ष्य २२ “दाज्यू अस्तिदेखि दम बढ्न थाल्यो । मलाई अब धेरै दिन बाँचुला जस्तो लाग्दैन । मैले जीवनमा हजुरका प्रति धेरै अत्याचार गरेको छु । यस अज्ञानीको सबै अपराध क्षमा गरेर यी नाबालक छोराछोरीको शरण लिइदिनुहोला (पृ. ७९) ।”

साक्ष्य २३ भाइका कुरा सुनेर मुरलीधरले बर्र आँसु झारे । मुरलीधर रोएको देखेर श्रीधरका जहान, छोराछोरी पनि रुन लागे । एकछिनपछि मुरलीधरले भाइका निधार, छाती, हात, गोडा सबै अङ्ग छामे । उनको शारीरिक गति देखेर मुरलीधरको हृदयमा दुःखको कोलाहल मच्चियो । केही बेरपछि छातीमा भक्कानु पारेर आँसु झार्दै भने, “बिसेक हुन्छ बा हरेस नखाऊ । बाले आफ्नो जीवनमा अनन्य पुण्य गर्नुभएको छ । उहाँको त्यस महान् तपस्याका प्रभावले हाम्रो अनिष्ट कदापि हुने छैन । बरु अब यहाँका वैद्यको भर गरेर बस्नुभएन । तिमीलाई देशतिर औषधी गराउन लैजान्छु (पृ. ७९) ।

साक्ष्य २४ बरु अब यहाँका वैद्यको भर गरेर बस्नुभएन (पृ. ७९) ।

**साक्ष्यहरूको विश्लेषण**

साक्ष्य १ मा गङ्गाधरको देहावसानले उनको परिवार तथा वरिपरिका दश गाउँ नै शोकमा डुबेको कारुणिक परिवेशको चित्रण गरिएको छ । गङ्गाधरको अवसानले उनको परिवार मात्रै होइन कि पूराका पूरा गाउँ नै शोकमा परेको छ । गाउँलेहरूका आधार र भरोसा उनी रहेका थिए । उनको अवसानले गाउँका गरिबगुरुवा र दीनदुःखीहरूको मियो भाँचिएको छ ।

साक्ष्य २ मा गङ्गाधरको मरणमा गाउँभरिका मानिस मलाम गएका छन् । यसले त्यस गाउँको मृत्यु संस्कार झल्काएको छ । गाउँको कोही मानिस मरेपछि मलाम जाने तथा गाउँका सबैका आदरणीय व्यक्तित्वको मरणमा मलाम जानका लागि कसैले पनि नछुटाउने गाउँको परिवेश यहाँ आएको छ ।

साक्ष्य ३ मा मुरलीधर ब्राह्मण परिवारको भएकाले त्यहीअनुसार उनको ब्राह्मण संस्कार तथा उनका कार्यकलापहरू उनले गरेका छन् । घरमा सप्ताह पुराण लगाइएको छ । यसले त्यस गाउँको सांस्कारिक परिवेशलाई देखाएको छ ।

साक्ष्य ४ मा श्रीधरले आफ्नो संस्कारलाई छाडेर पश्चिमा संस्कारमा रमाउँदै गएको विकृत संस्कृति देखाइएको छ । यसमा प्रस्तुत वातावरणले राजनीतिक परिवेशको सन्दर्भ उल्लेख गरेको छ ।

साक्ष्य ५ मा गाउँघरमा बढ्दै गएको खराब संस्कारलाई देखाइएको छ ।

साक्ष्य ६ मा प्राकृतिक न्याय र धर्म जनाउने संस्कारको परिवेश देखाइएको छ ।

साक्ष्य ७ मा गाउँमा कुनै घटना घट्यो भने मानिसहरू त्यसलाई मिलाउनुको सट्टा बल्झाउनतिर पनि लाग्छन् भन्ने सङ्केत गरी गाउँका कुकृत्यको यथार्थ चित्रण गरिएको छ ।

साक्ष्य ८ मा विवाह संस्कारको परिवेश चित्रण गरिएको छ । कथाका सहभागीहरू ब्राह्मण परिवारका भएकाले मागी विवाह गरेका, विवाहमा जन्त गएको, विवाह संस्कार ब्राह्मणहरूको संस्कारअनुसार गरिएको छ ।

साक्ष्य ९ मा बालविवाह र यसको बाध्यता देखाउन खोजिएको छ ।

साक्ष्य १० मा विवाह संस्कार जनाउने परिवेश चित्रण गरिएको छ ।

साक्ष्य ११ कुलको जेठो सन्तान, पिण्डपानीको दाता भनी त्यतिबेलाको प्राचीन समाजको सङ्केत गरेको छ ।

साक्ष्य १२ मा मुरलीधरको कर्तव्यपरायणतालाई जनाउने तथा कथामा प्रयुक्त पात्रको चरित्राङ्कन गर्ने वातावरण उपस्थित छ ।

साक्ष्य १३ मा स्वर्ग र नर्कको परिकल्पना गरिएको छ । अनुशासन तथा धर्मसम्बन्धी मान्यतालाई बढावा दिने वातावरण देखाइएको छ ।

साक्ष्य १४ र १५ मा विवाह संस्कार देखाइएको छ ।

साक्ष्य १६ र १७ मा असल संस्कारको परिचय दिने वातावरण प्रस्तुत छ ।

साक्ष्य १८ मा एकादशीमा व्रत बस्ने परम्परा देखाइएको छ ।

साक्ष्य १९ मा असल संस्कारको परिचय दिने वातावरण प्रस्तुत छ ।

साक्ष्य २० मा जिउनी राख्ने परम्परा जनाउने परिवेश चित्रित छ ।

साक्ष्य २१ मा शैक्षिक वातावरण देखाइएको छ ।

साक्ष्य २२ मा आफूले गरेको गल्ती महसुस गरी पश्चात्तापमा परेको वातावरण देखाइएको छ ।

साक्ष्य २३ मा कर्तव्यबोध भएको, असल संस्कार सिकाइएको परिवेशलाई देखाइएको छ ।

साक्ष्य २४ मा परम्परागत समाजमा कोही बिरामी भएका वैद्यद्वारा उपचार गरिन्थ्यो । वैद्यबाट उपचार गराउँदा निको नभएपछि वा पैसा हुनेहरूले बिरामीलाई सहर लगेर डाक्टरकोमा उपचार गराउँथे । यस्तै खालको गाउँको चालचलनलाई प्रस्तुत साक्ष्यले प्रस्ट पारेको छ ।

यसरी *कर्तव्य* कथामा विवाह संस्कार, मृत्यु संस्कार, सम्पत्तिका नाममा भाइ-भाइबिचमा हुने झगडा जस्ता सांस्कारिक परिवेशको चित्रण गरिएको छ । मुरलीधरको पण्डित्याइँ, उनले सप्ताह र पुराण लगाएको सन्दर्भ, श्रीधरले आफ्नो संस्कारलाई छाडेर विकृत संस्कार अपनाएको सन्दर्भले पुरानो पुस्ता र नयाँ पुस्ताको प्रवृत्ति तथा संस्कृति तथा विकृतिको परिवेश देखाउन खोजिएको छ । दाजुले भाइप्रति गर्नुपर्ने दायित्व, भाइको बिग्रँदो सांस्कारिक वातावरणले विनष्ट बनाएको क्षण कथामा आएका छन् । सय मुरी जिउनी खेत भएका गङ्गाधर र उनको परिवारले आर्थिक सम्पन्नताको परिवेश प्रस्तुत गरेको छ । यी नै कथाका वातावरणगत परिवेश हुन् ।

**निष्कर्ष**

*कर्तव्य* कथामा कथानकलाई आरम्भ, विकास र अन्त्यको शृङ्खलामा विभक्त गर्न; कथानकलाई कुनै मोडमा पुऱ्याउन; कुनै घटनामा जोड दिन; पात्रको चरित्राङ्कन गर्नका लागि स्थानगत, समयगत र वातावरणगत परिवेशको चित्रण गरिएको छ । पिपले भन्ने सयमुरी धान फल्ने खेत, मुरलीधरको घर, श्रीधरको घर, मुरलीधरको घरको पूजाकोठा, श्रीधरको आँगन, श्रीधरको आँगनको विवाहमण्डप, बेहुलीको घरको विवाहमण्डप, मुरलीधरको पूजाकोठाको झ्याल, शशीधरको

जन्ती जाँदाका बाटामा पर्ने ठाउँहरू, बेँसी, खोलापारि, विवाह कर्म गरिएको यज्ञमण्डप, गाउँ, पँधेरामाथिको चौतारो, दोबाटो, मुरलीधरको घरको दलानको थाम, दैलाको आड, श्रीधर सुतिरहेको खाट, देश आदि ठाउँहरू कथाका स्थानगत परिवेश हुन् ।

कथामा बिहान, दिन, साँझ, अपराह्न, राति गरी एक दिनभरिका सबै समय उपयोग भएका छन् । गङ्गाधरको मृत्यु र उनको मृत्यु संस्कारदेखि दुई छोरा नमिलेको, झगडा परेको समय हुँदै शशीधरको विवाह, श्रीधर बिरामी भएको, मुरलीधरको मन फर्किएको र दुवै दाजुभाइ मिलेको सम्मको समय कथामा आएको छ । गङ्गाधरलाई ज्वरो आएको लगभग नौ दिन, क्रिया सिद्धिएको केही दिन, पैँतालिस दिनको काम सिद्धिएको भोलिपल्ट, ग्रामसभा बिसर्जन भएका अलि दिनपछि, श्रीधर बिरामी भएको केही महिना, शशीधर भर्खर पन्ध्र वर्ष मात्र लागेको, जनक्रान्तिदेखि यता, चार वर्षपछि, अस्ति, श्रीधरले अब धेरै दिन बाँचुला जस्तो लाग्दैन भनेको सन्दर्भले समयलाई सङ्केत गरेका छन् । वैशाख महिना, एक छिन, दुलाहा अन्माएको अपराह्न, टट्यानपुर घाम लागेको समय, झमक्क परेको साँझ, भोलिपल्ट दिउँसो, साँझ पर्ने बेला, एकादशी, बिहे सिद्धिएको एक महिनापछि, एकदिन बिहान, चौधपन्ध्र दिनपछि, केही बेरपछि, यो घटना भएको छसात दिनपछि जस्ता समय तथा समयसूचक पद तथा पदावलीहरूले कथामा प्रस्तुत समय जनाएका छन् । यी घटना घटेको समय हुन् भने कथा लेखनको समय वि.सं. २००८ हो ।

दाजुभाइको झगडा, पुरानो पुस्ता मुरलीधरको पछि लाग्नु र नयाँ पुस्ता श्रीधरको पछि लाग्नु, न्यायाधीश पैसावाल श्रीधरको पछि लाग्नु, जन्त जानु, मलाम जानु सामाजिक वातावरण हुन् । एकादशीमा व्रत बस्ने, सप्ताह पुराण भन्ने, पूजापाठ गर्ने, बाबुको परम्परालाई कायम राख्न चाहने, भाइप्रति कर्तव्यपरायण, ठुला बाउलाई साष्टाङ्ग प्रणाम गर्ने, पुरानो पद्धतिअनुसार विवाह गर्ने जस्ता परिवेशको प्रस्तुतिले सामाजिक-सांस्कारिक वातावरण बुझाएका छन् । श्रीधरको लवाइखुबाइ तथा बोलीचालीमा तडकभडक तथा उत्ताउलो पाराले कुसंस्कार बुझाएका छन् । विवाह परम्परा, मृत्यु परम्परा, पूजाकोठा, यज्ञमण्डप, विवाहमण्डपले सांस्कारिक वातावरण जनाएका छन् । गङ्गाधरको सय मुरी धान फल्ने जिउनीखेत हुनु, शशीधरको धुमधामसँग विवाह हुनु, विवाहमा इज्जतका कुरा हुनु आदि आर्थिक वातावरण हुन् । यसरी प्रस्तुत कथामा स्थान, समय र वातावरणगत परिवेश प्रस्तुत गरिएको छ ।

**सन्दर्भ सामग्रीसूची**


गैरे, शङ्करप्रसाद (२०७४). *कथा सिद्धान्त र प्रतिनिधि नेपाली कथा.* कमलादेवी न्यौपाने ।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु (२०६९). *नेपाली कथाको इतिहास.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

थापा, मोहनहिमांशु (२०६६). *साहित्यपरिचय* (पाँचौँ संस्क.). साझा प्रकाशन ।

पौड्याल, परशुराम (२०६५). *कथाको रूपविन्यास सिद्धान्त र विवेचना.* नवराज बजगाईं ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२). *नेपाली उपन्यास र उपन्यासकार* (तेस्रो संस्क.). साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५८). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (दोस्रो संस्क.). साझा प्रकाशन ।

भट्ट, सुशीला (२०६०). *गुरुप्रसाद मैनाली : व्यक्ति र कृति.* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

मैनाली, गुरुप्रसाद (२०५७). *नासो* (सोह्रौं संस्क.). अम्बिकाप्रसाद मैनाली ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०६४). *नेपाली उपन्यास परम्परा र प्रवृत्ति* (दोस्रो संस्क.). साझा प्रकाशन ।